३. श्री रमानन्दप्रसाद सिंह – सदस्य
४. श्री लक्ष्मण अर्याल – सदस्य
५. श्री मुकुन्द रेग्मी – सदस्य
६. श्री दमन ढुङ्गाना – सदस्य
७. श्री निर्मल लामा – सदस्य
८. श्री भरतमोहन अधिकारी – सदस्य
९. श्री माधवकुमार नेपाल – सदस्य

आयोगको प्रशासकीय काम गर्न अध्यक्षको सिफारिशमा श्री सूर्यनाथ उपाध्यायलाई सचिव तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको सूचना

सम्माननीय कृषि, भूमिसुधार तथा व्यवस्था र वन तथा भू-संरक्षण मन्त्री श्री झलनाथ खनाल जापानको ओसाका शहरमा भैरहेको अन्तर्राष्ट्रिय हरियाली मेलामा हुने नेपाल राष्ट्रिय दिवस समारोहमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको कृषि, भूमिसुधार तथा व्यवस्था र वन तथा भू-संरक्षण मन्त्रालयहरूको कार्यभार सम्माननीय आपूर्ति र निर्माण तथा यातायात मन्त्री श्री मार्शल जुलुम शाक्यले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।